नगर कार्यपालिकाको
बैठक संख्या: ७६, २०७९-२०८४
मिति २०८३/०३/२५ को
निर्णय प्रमाणित ......

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७६, २०७९-२०८४)

**मिति : २०८३ असार २५ गते**

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरियो। कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

२. श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(वातावरण तथा विपद समन्वय शाखा) सिंहदरबार, काठमाडौंको च.नं. १७५, मिति २०८३/०३/२३ गतेको पत्र प्राप्त भएकोमा UNDP को SUPER Project अन्तर्गत मिति १३-१७ जुलाई २०२६ सम्म भारतमा हुने अध्ययन/अवलोकन भ्रमणमा सहभागिताको लागि यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर गिरीलाई मनोनयनका लागि सिफारिस गर्ने ।

३. बिसौं नगर सभाको दोस्रो बैठकमा पेश हुने एजेण्डाका विषयमा छलफल भई कार्यसूचीलाई अन्तिम रुप दिईयो । देहायका विद्येयकहरु नगर सभा बैठकमा निर्णयार्थ पेश गर्ने ।
- कोहलपुर नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा विद्येयक २०८३
- सरसफाई तथा फोहरमैला व्यवस्थापन विद्येयक, २०८३
- कोहलपुर नगरपालिका शिक्षा ऐन, २०७६ मा संशोधन

४. कृषि तथा पशुपन्छी ऐन २०८२ तथा कृषि यान्त्रिकरण कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८३ बमोजिम छनौट भएका वडा न ६ तर्फ ९ एच.पी मिनिटिलर (केजहुइल सहित)का ११ लाभग्राही अनुमोदन गर्दै नगद अनुदान रकम रु ४,६९,४८०।- सम्बन्धित लाभग्राहीको खातामा निकासा गर्ने ।

५. विपद व्यवस्थापन समितिको मिति २०८३/०३/२४ को निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

६. यस नगर कार्यपालिकाको कार्यालयको बिज्ञापन/ सूचना बमोजिम छनौट भई नियुक्त भएका नगर प्रहरी जवानहरुको नगर प्रहरी आधारभूत तालिममा सहभागी नगर प्रहरी जवानहरुको प्रशिक्षणको क्रममा आवश्यक पर्ने लत्ताकपडा तथा सामाग्री खर्च वापत चालु आ.ब. २०८२/०८३ को सि.नं. ५ पोशाक खर्च शीर्षकबाट रु.९५,५६९.७५(पन्चानब्बे हजार पाँच सय उनसहत्तर रुपैया र पचहत्तर पैसा) ।– भुक्तानी गर्ने ।

७. नेपाल सरकार सङ्घीय सशर्त कार्यक्रम तर्फको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको सञ्चालन तथा व्यवस्थापन सहजीकरणका लागि गठित सेवा ईकाईमा कार्यरत फिल्ड सहायक कर्मचारीले राजिनामा दिई उक्त पद रिक्त रहेकाले गृह मन्त्रालयबाट स्वीकृत "सेवा इकाईको लागि जनशक्ती छनौट सम्बन्धी मापदण्ड, २०७६" हुने गरी पदपूर्तिका गर्ने ।

८. कक्षा १-८ को आधारभूत तहको स्थानीय पाठ्यक्रम "हाम्रो कोहलपुर" मा आधारित कक्षा ६-८ को शिक्षक स्रोत सामग्री छपाइका लागि सम्बन्धित शीर्षकमा रकम अपुग भएकाले सो वाफत अपुग रकम भैपरी आउने चालु शिर्षकबाट हुने गरि रु. २,०९,०५०/- व्यवस्था गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
स्थापना : २०७१

नगर कार्यपालिकाको
बैठक संख्या: ७६, २०७९-२०८४
मिति २०८३/०३/२५ को
निर्णय प्रमाणित ........

९. यस नगरपालिका अन्तर्गत विगतदेखी अस्थायी एवं करार सेवामा कार्यरत अनुसूची १ मा उल्लेख भए बमोजिमका कर्मचारीहरुको २०८३ श्रावण १ गतेदेखि २०८३ पुष मसान्त सम्म करार अवधी थप गर्ने एवं ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा निज कार्यरत सम्बन्धित शाखा तथा वडा कार्यालयको सिफारिसका आधारमा २०८३ पुष मसान्तसम्म दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा खटाउने।

१०. नेपाल सरकारले मिति २०८२/०१/०१ को अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न यस नगरपालिकामा अस्थायी र करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्धताका लागि योगदानकर्ताको रुपमा सुचीकृत गरी मिति २०८३/०४/०१ देखि निजहरुले खाईपाई आएको तलबको ६०% लाई आधारभूत तलब मानी सो को २०% रोजगारदाताबाट, ११% योगदानकर्ताको तर्फबाट कट्टी गरी जम्मा गरी सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने ।

११. स्थानीय पूर्वाधार सहयोग परियोजना (LISP)को सहयोगमा तयार गरिएको कोहलपुर नगरपालिकाको क्षमता विकास योजना (आ.व. २०८३।८४ देखि २०८५।८६ सम्म) माथि छलफल गरी प्रस्तुत योजनालाई नगर सभामा अनुमोदनको लागी पेश गर्ने । उक्त योजनामा समावेश कार्यक्रम तथा गतिविधिहरूलाई नगरपालिकाको वार्षिक योजना तथा बजेटसँग आबद्ध गरी उपलब्ध स्रोत– साधनको आधारमा चरणबद्ध रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो । साथै, क्षमता विकास योजना निर्माण प्रक्रियामा प्रदान गरिएको सहयोगका लागि स्थानीय पूर्वाधार सहयोग परियोजना (LISP) लाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकामा संघ तथा प्रदेश सरकारबाट विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन भई आएका कर्मचारीहरुको हकमा उक्त कार्यक्रममा तोकीए बमोजिमको सेवा सुविधा निरन्तरता हुने गरी चालु आ.ब. २०८३/०८४ को लागि करार सम्झौता गर्ने ।

१३. यस नगरपालिका अन्तर्गत चालु आर्थिक वर्ष २०८२/०८३ मा ठेक्का आह्वान भई कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण व्यवसायीले निर्धारित समयभित्र सम्पन्न नगरेका योजनाहरूको ठेक्का सम्झौताको म्याद २०८३ साल भाद्र मसान्तसम्म थप गर्ने ।

१४. भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा यस कार्यालयमा रहेका सवारी साधन आन्दोलनकारीद्धारा जलाएर पुर्ण रुपले नष्ट गरेको हुदाँ यस कार्यालयको योजना अनुगमन कार्य निरक्षण कार्य तथा प्रशासनिक कामकाजका लागि सवारी साधन आवश्यक भई मिति २०८२/१२/३० गते सम्झौता गरि बा१५च२०९६ स्कारपियो भाँडामा लिएको हुँदा उक्त भाँडामा लिएको सवारी साधन सम्झौता शर्त बमोजिम कार्यालयले मर्मत/सर्भिसिङ गर्नुपर्ने भएको हुँदा प्राविधिक स्टिमेट बमोजिम आ.ब. २०८२/०८३ को निती, कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं.१३८ सि.नं.१७ सवारी साधन मर्मत खर्च शिर्षकबाट हुने गरी रु. २ लाख ७५ हजार व्यवस्था गर्ने ।

१५. कोहलपुर नगरपालिका माध्यमिक विद्यालय डिजिटलाइजेसन अन्तर्गत स्मार्टबोर्ड खरिद,आपूर्ति र जडान (ठेक्का नं. BANKE/KOMUN/G/NCB-02/2082/083) योजना कार्यको लागि न्यूनतम् सारभूत प्रभावग्राही सामग्री आपूर्तिकर्ता ग्रिनलिफ प्रा.लि. पुतलीसडक, काठमाडौँसँग मिति २०८२/१०/०६ मा सम्झौता भई २०८२/१२/१५ सम्म सामान आपूर्ति गरी जडान गरिसक्नु पर्नेमा उक्त आपूर्तिकर्ताले यस कार्यालयले

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

तोकेको एवं स्वीकृत स्पेसिफिकेसन अनुसार प्राविधिक परीक्षण गर्दा ब्राण्ड, मोडल नं. तथा डाटा सिट अनुसार फरक परेको र गुणस्तर तोकिए बमोजिम नभएकोले खरिद सम्झौता रद्द गरी कार्यसम्पादन जमानत रकम जफत गरी कालोसूचीमा राख्ने व्यवस्थाका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने ।

१६. एपेक्स नेपाल प्रा.ली.को मिति २०८३/०३/२२ गतेको प्राप्त पत्र अनुसार सहर सौन्दर्यकरणका लागी कोहलपुर नगरपालिका अन्तर्गत चौराह देखि पिपरी चोकसम्म रहेका सडक बत्तीका पोलहरूमा प्रचलित कानून, नगरपालिकाको विज्ञापन कर सम्बन्धी व्यवस्था तथा स्वीकृत मापदण्डबमोजिम लाग्ने विज्ञापन कर नियमित रूपमा बुझाउने र बिद्युत महशुल आफै बुझाउने शर्तमा एपेक्स नेपाल प्रा.लि. लाई ५ (पाँच) वर्षको अवधिका लागि विज्ञापन बोर्ड राख्न अनुमति प्रदान गर्ने ।

१७. "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम तर्फ जनशक्ति व्यवस्थापन अर्न्तगत जनस्वास्थ्य अधिकृत श्री सन्ध्या बराललाई नियुक्त गरी कामकाज लगाइएकोमा कार्यक्रम रकमान्तर मार्फत कार्यक्रम हटाएकाले करार सेवा शुल्क मार्फत गरिएको पारिश्रमिक भुक्तानिलाई अनुमोदन गर्ने ।

१८. कोहलपुर नगरपालिका र राम माध्यमिक विद्यालय कोहलपुर १४ बिच भएको मिति २०८०/१२/३० गतेको सम्झौता र कार्यपालिकाको मिति २०८०/१२/२२ गतेको निर्णय अनुसार शहरी विकास मन्त्रालयको सघन सहरी कार्यक्रम अन्तरगत एकिकृत पुर्वाधार विकास कार्यका लागि आयआर्जन सम्बन्धी पूर्वाधार योजना (मिनि मार्केट) तर्फ श्री राम माध्यमिक विद्यालयमा निर्माण सम्पन्न भएका व्यवसायीक सटर राजस्व ठेक्का व्यवस्थापन उप समितिको प्रतिवेदन अनुसार तपशिल अनुसारको न्यूनतम दररेट कायम गर्ने ।

तपशिल

| क्र.सं. | सटर नं. | न्यूनतम दर रेट | कैफियत |
|---|---|---|---|
| १. | १ | रु.७,०००।- | |
| २ | २ | रु.७,०००।- | |
| ३ | ३ | रु.७,०००।- | |
| ४ | ४ | रु.७,०००।- | |
| ५ | ५ | रु.७,०००।- | |
| ६ | ६ | रु.२०,०००।- | |
| ७ | ७ | रु.३,०००।- | |
| ८ | ८ | रु.७,०००।- | |
| ९ | ९ | रु.७,०००।- | |
| १० | १० | रु.७,०००।- | |
| ११ | ११ | रु.५,०००।- | |
| १२ | १२ | रु.५,०००।- | |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७६, २०७९-२०८४
मिति २०८३/०३/२५ को
निर्णय प्रमाणित ..............

१९. आ.व.२०८२/०८३ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) र कोहलपुर नगरपालिकाको सहलगानीमा कोहलपुर नगरपालिकाको नगरसभाको सत्रौं नगरसभाबाट नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित योजनाहरुबाट बाँकी बचत बजेटबाट योजना कार्य निर्माणका लागि कार्यपालिकाको विभिन्न मितिमा निर्णय भए बमोजिम छनौट भई सञ्चालन भएका देहायका योजनहरु नगरसभाबाट अनुमोदन गर्ने ।

तपसिलः

१. सरस्वती चोकदेखि सामुदायिक वनसम्म बाटो कालोपत्रे कोहलपुर ८ -कार्यपालिकाको मिति २०८२/०८/२१ निर्णय नं.२६ क
२. दिपज्योति होस्टल टोल सडक स्तरोन्नति कोहलपुर -कार्यपालिकाको मिति २०८२/०८/२१ निर्णय नं.२६ ख
३. दिपनगर वनखेत बाटो नाली निर्माण तथा स्तरोन्नति कोहलपुर २ -कार्यपालिकाको मिति २०८२/११/२९ निर्णय नं.२७
४. शान्तिनगरदेखि प्रगतिनगर जोड्ने सडक कालोपत्रे कोहलपुर ५ -कार्यपालिकाको मिति २०८२/११/२९ निर्णय नं.२७
५. सरस्वती चोकदेखि झरकट्टी जाने सडक कालोपत्रे कोहलपुर ८ -कार्यपालिकाको मिति २०८२/११/२९ निर्णय नं.२७
६. वडा नं.१४ ढोरपुरदेखि ठाडा हुँदै प्रेमपुर जाने बाटो स्तरोन्नति -कार्यपालिकाको मिति २०८२/११/२९ निर्णय नं.२७
७. गीतापुरमा नाली निर्माण कोहलपुर १४ -कार्यपालिकाको मिति २०८२/११/२९ निर्णय नं.२७
८. बैजनाथ गा.पा. सिमाना जोड्ने सडक कालोपत्रे, परसेनीपुर कोहलपुर १५ -कार्यपालिकाको मिति २०८२/११/२९ निर्णय नं.२७

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत